# हाम्रो प्रतिवद्धता

सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्त र मान्यतालाई अंगिकार गर्दै वित्तिय क्षेत्रमा लामो समयसम्म अनुभव प्राप्त गरेका व्यक्तिहरुको सकृयतामा २०६५ साल जेष्ठ ९ गते नेपाल सरकारको कृषि तथा सहकारी विभाग, डिभिजन सहकारी कार्यालय काठमाडौंमा विधिवत दर्ता भई यस आर्जन बचत तथा ऋण सहकारी संस्थाले कारोबार शुरु गरेको हो । यस संस्थाको प्रथम बार्षिक साधारण सभा यहि मिति २०६६ साल पौष २५ गते सम्पन्न हुन गइरहेको छ । स्थापना भएकै डेढ बर्षमा यस संस्थाले धेरै सदस्यहरुको मन जित्न सफल भएको कुरा यहाँहरुलाई अवगत नै छ । सदस्यता विस्तार, शेयर पूँजी वृद्धि तथा बचत संकलनमा उलेख्य उपलब्धी हासिल भएको छ । अत यस संस्थाले सहकारी जगतमा छिट्टै आफ्नो पहिचान स्थापित गर्न सकेकोमा हामी सबै गौरवान्वित हुनु पर्छ ।

कुसल नेतृत्व, आधुनिक प्रविधि र श्रोत साधनहरुको कुसल व्यवस्थापनबाट संस्थाको प्रगति हुन सक्दछ । सहकारीको माध्यमबाट सदस्यहरुको जिवनस्तर उकास्न सकिन्छ भन्ने हामीलाई विश्वास छ । हामीहरुका बीच विभिन्न चुनौतिहरु पनि छन् । "एकका लागि सबै र सबैका लागि एक" भन्ने सहकारीको मान्यता र सामुहिक पहलबाट जस्तोसुकै चुनौतिहरुको पनि सहज तरिकाबाट सामना गर्न सकिनेछ । निश्चित रुपमा, हाम्रा शेयर सदस्यहरु र सुभचिन्तकहरुको साथ र सहयोग पाइराख्यौं भने सफलताको शिखर चुम्न हामीलाई धेरै समय लाग्नेछैन । आज हामी यहि प्रतिवद्धता जाहेर गर्दछौं ।

# आर्जन बचत तथा ऋण सहकारी संस्था लि.

गोंगबु काठमाडौं

मिति : ०६६/०९/१०

श्री ... .. .. .. .. .. .. .. .. .. .... .. .... .. .. ..ज्यू,
शेयर सदस्य
**आर्जन बचत तथा ऋण सहकारी संस्था लि.**
गोगबु

**विषय : प्रथम बार्षिक साधारण सभाको सूचना ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस संस्थाको मिति ०६६/०९/२५ गते बसेको सञ्चालक समितिको निर्णयानुसार संस्थाको प्रथम बार्षिक साधारण सभा तपसिलको मिति समय र स्थानमा बस्ने भएको हुँदा यहाँको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

तपसिल
मिति : ०६६ पौष २५ गते
समय : बिहान १० बजे
स्थान : नेपाल जापान सोसियल फ्रेन्डसिप एकेडेमी धापासी काठमाडौं ।

प्रस्तावहरु :
१. संस्थाको बार्षिक प्रगति प्रतिवेदन सम्वन्धमा ।
२. आ.ब. ०६५/०६६ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
३. आ.ब. ०६६/०६७का लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक सम्वन्धमा ।
४. शेयर पूँजी वृद्धि सम्वन्धमा ।
५. संञ्चालक समितिले गरेका निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
६. साधारण सभाको निर्णय तयार गरी हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
७. विविध ।

आज्ञाले

दिपक थापा मगर
सचिव
संचालक समिति

# विषय सुची


१. प्रगती प्रतिबेदन ........ ४

२. लेखापरीक्षण प्रतिबेदन ........ ६

३. वासलात ........ ८

४. नाफा नोक्सान खाता ........ ९

५. नगद प्रवाह ........ १०

६. अनुसुचिहरु ........ ११

८. लेखा निति ........ १५

९. नोट तथा टिपोट ........ १६

# आर्जन बचत तथा ऋण सहकारी संस्था लि.

गोंगबु, काठमाडौं

## प्रथम वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष श्री दल बहादुर आलेज्यूबाट प्रस्तुत प्रगति प्रतिवेदन

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

यस संस्थाको प्रथम वार्षिक साधारण सभामा उपस्थित हुन पाल्नुभएका प्रमुख अतिथि र विषेश अतिथि, पत्रकार मित्रहरु, सदस्य महानुभावहरु, संचालक समिति, लेखा समितिका पदाधिकारीहरु, उपसमितिका पदाधिकारीहरु, सल्लाहकारहरु, विभिन्नसंघ संस्थावाट पाल्नुभएका प्रतिनिधिज्यूहरु, संस्थाका लगनसिल कर्मचारीहरु तथा उपस्थीत महिला तथा सज्जनवृन्दमा संस्थाको संचालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक न्यानो सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

आज म यस संस्थाको संचालक समितिको तर्फबाट संस्था स्थापनाको पहिलो वर्ष अथवा आर्थिक वर्ष २०६५/०६६ को प्रगति विवरण यहाँहरु माझ प्रस्तुत गर्न पाउँदा आफूलाई हर्षित महसुस गरेको छु ।

यस संस्थाको स्थापना २६ जना शेयर सदस्य र थोरै पूँजीबाट सुरु भएको थियो । आज यस संस्थाले सदस्य संख्या र शेयर पूँजी उल्लेख्य बृद्धि गरेको छ । शेयर पूँजीनै संस्थाका लागि मेरुदण्ड भएकाले यसलाई आगामी वर्षमा अझ बृद्धि गरिदै लगिने संस्थाको योजना रहेको छ । सदस्यहरुको बचतमा प्रतिस्पर्धात्मक ब्याजदर दिइएको छ । सदस्यहरुबाट उल्लेख्य बचत संकलन भएको छ । संस्थाले सदस्यहरुलाई सामुहिक जमानी कर्जा, हायर पर्चेज कर्जा र घर जग्गा धितो कर्जा अन्तरगर्त ऋण लगानी गरी व्याज आर्जन गरेको छ साथै पहिलो वर्ष नै संस्थाले नाफा कमाएको छ । यसले गर्दा आगामी वर्षका लागि हामीलाई थप हौसला मिलेको छ ।

**सदस्यज्युहरू,**

संस्थाको वित्तिय झलक निम्नानुसार रहेको जानकारी गराउन चाहन्छु ।

शेयर पुजी ६४,३०,०००/-

बचत संकलन १,१८,१६,७११/८९

ऋण लगानी १,६८,२५,७३२/३२

अन्त्यमा,

यस संस्थाको सदस्यहरुको आर्थिक तथा सामाजिक विकास अभियानमा एकजुट भै हरपल हामीलाइ साथ दिनुहुने सम्पूर्ण शेयरधनि सदस्यहरु, हाम्रा कर्मठ कर्मचारीहरु र अन्य प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुमा म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु। त्यसैगरी हामीलाई आवश्यक निर्देशन, सुझाव साथै वेलावेलामा निरिक्षण गरी सहयोग गरिदिने डिभिजन सहकारी कार्यालय प्रति पनि आभार प्रकट गर्न चाहन्छु ।

प्रमुख अतिथि, विषेश अतिथिज्यूहरु, सदस्यज्यूहरु तथा पत्रकारज्यूहरु हाम्रो यस वार्षिक साधारण सभामा आइदिनुभएकोमा उहाँहरु प्रति हर्दिक आभार प्रकट गर्न चाहन्छु ।

आगामी दिनमा पनि सवै क्षेत्रवाट यस्तै किसिमको सहयोग सुझाव र मार्ग निर्देशनको अपेक्षा राख्दै विदा हुन चाहन्छु ।

जय सहकारी

**PRADIP PANDEY**
REGISTERED AUDITOR
License-0120 'c'
Member of ICAN - 2879

PAN 500016109

श्री शेयरधनी महानुभावहरु
श्री आर्जन बचत तथा ऋण सहकारी संस्था लिमिटेड
काठमाडौं ।

**विषय : लेखा परिक्षकको प्रतिवेदन पेश गरेको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा डिभिजन सहकारी कार्यालय काठमाडौंको मिति २०६६/५/२३ को पत्र संख्या ०६६/६७ च.नं. ४४७ को पत्र अनुसार मलाई आ.व. २०६५/६६ को लेखापरिक्षण गर्न नियुक्त गरेकोले मैले सहकारी संस्थाको कार्यालयमा उपलब्ध लेखासँग सम्बन्धित पुस्तिका, सहायक पुस्तिका एवं सोधनी भएको प्रश्नहरुको तत्काल मौखिक जवाफको आधारमा लेखा परिक्षण कार्य सम्पन्न गरी तपशिल बमोजिमको प्रतिवेदन पेश गरेको छु ।

मिति : २०६६/७/१६
स्थान : काठमाडौं

बोधार्थ
डिभिजन सहकारी कार्यालय
काठमाडौं

**प्रदिप पाण्डे**
**रजिर्ष्टड लेखा परीक्षक**

# तपशिल

यस प्रतिवेदन साथ संलग्न आर्जन बचत तथा ऋण सहकारी संस्था लिमिटेड गोंगबु काठमाडौंको आषाढ ३१, २०६६ को बासलात सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब र आय व्यय हिसाबको परिक्षण गरी प्रतिवेदन पेश गरेको छु ।

यी वित्तिय विवरण प्रतिको उत्तरदायित्व सहकारी संस्थाको व्यवस्थापनमा रहेको छ । सहकारी संस्था व्यवस्थापनले तयार गरेको वित्तिय विवरणका सम्बन्धमा तल उल्लेखित कुराहरु बाहेक मैले नेपाल लेखापरिक्षण मान र प्रचलित कानुनको आधारमा लेखा परिक्षण गर्न उपयुक्त वित्तिय विवरणहरु सारभुत रुपमा गलत तथ्य रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि लेखा परिक्षण तयार गरी सोही अनुरुप वित्तिय विवरणहरुमा उल्लेखित रकम र खुलस्त गरि एका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणहरुको नमूना परिक्षण लगायत सहकारी संस्था व्यवस्थापनद्वारा प्रस्तुत वित्तिय विवरण समग्र मुल्याङ्कन गरी सम्पादन गरेको लेखा परिक्षण कार्यबाट मलाई उपलब्ध गराएको आधारमा मेरो रायमा,

१. संस्थाले ऋण रकम प्रवाह गर्दा सहकारीको विधान र आर्थिक विनियम अनुसार कानुन बमोजिम गर्न संस्थालाई सुझाव दिइन्छ ।
२. शेयर रकमको तुलनामा कारोवार रकम धेरै भएकोले संस्थाको मेरुदण्डको रुपमा रहने शेयर रकम बढाउन सुझाव दिइन्छ ।
३. हामीलाई प्राप्त जानकारी एवं स्पष्टिकरण अनुसार संस्थाको हिसाब किताब व्यवस्थापन वा सदस्यहरुले कानुन विपरित कुनै कामकाज वा वेहिसाब गरेको वा संस्थालाई हानी नोक्सानी हुने काम गरेको पाइएन ।
४. सहकारी संस्थामा कार्यरत कर्मचारीहरुको पारिश्रमिक आय रकम आयकरको सिमा भित्र नै पाइयो ।

अन्त्यमा लेखा परिक्षणको शिलसिलामा सहयोग पुऱ्याउने संस्थाका व्यवस्थापक, पदाधिकारीहरु र कर्मचारीहरु प्रति धन्यवाद दिँदै आगामी दिनमा संस्थाको प्रगतिको कामना गर्दछु ।

**प्रदिप पाण्डे**
**रजिर्ष्टड लेखा परिक्षक**

# आर्जन बचत तथा ऋण सहकारी संस्था लि.

गोगवु काठमाडौ

## वासलत

०६६ असार मसान्त

| क.सं. | विवरण | अनुसूचि | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|---|
| १ | पुजी तथा दायीत्व | | | |
| | क) चुक्ता शेयर पुजी | | ६,४३०,०००.०० | २६०,०००.०० |
| | ख) साधारण जगेडा कोष | १ | १०,२१७.१९ | ०० |
| | ग) अन्य कोषहरु | २ | ३०,६५१.५७ | ०० |
| | घ) निक्षेप | ३ | ११,८१६,७११.८९ | ०० |
| | ङ) चालु दायित्व | ४ | १,२०७,८९३.५३ | ०० |
| | जम्मा पुजी तथा दायित्व | | १९,४९५,४७४.१८ | २६०,०००.०० |
| २ | सम्पत्ति | | | |
| | क) नगद मौज्दात | | ७७३,४१२.२२ | २६०,०००.०० |
| | ख) बैंक मौज्दात | ५ | ८३३,३८५.४५ | ०० |
| | ग) कर्जा तथा सापटी | | १६,८२५,३७२.३२ | ०० |
| | घ) शेयर (राष्ट्रिय सहकारी बैक लि.) | | १०,०००.०० | ०० |
| | ङ) स्थिर सम्पत्ति | ६ | ७४६,०१४.०४ | ०० |
| | च) अन्य सम्पत्ति | ७ | २२५,७४८.९५ | ०० |
| | छ) अपलेखन गर्न बाकी पुर्व संचालन खर्च | १० | ८१,५४१.२० | ०० |
| | जम्मा सम्पत्ति | | १९,४९५,४७४.१८ | २६०,०००.०० |

अनुसुची १ देखि १० सम्म यस हिसाव विवरणका अभिन्न अंग हुन (हाम्रो संलग्न प्रतिवेदन अनुसार)।

लेखापाल | कोषाध्यक्ष | अध्यक्ष | लेखापरिक्षक

मितिः १६।७।२०६६
ठेगानाः काठमाडौ

# आर्जन बचत तथा ऋण सहकारी संस्था लि.

गोगबु काठमाडौं

## नाफा नोक्सान खाता

०६५ श्रावण १ गते देखि २०६६ असार मसान्त सम्मको

| क.सं. | विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| १ | आम्दानी: | | |
| | क) कर्जा तथा सापटवाट प्राप्त व्याज आम्दानी | १,१८८,०६७.०० | ०० |
| | ख) बैंकबाट प्राप्त व्याज | १६,०२३.६२ | ०० |
| | ग) विविध आम्दानी | १४०,२७४.३० | ०० |
| | कूल आम्दानी | १,३४४,३६४.९२ | ०० |
| २ | खर्च: | | |
| | क) निक्षेपमा व्याज खर्च | २५१,०६९.३८ | ०० |
| | ख) कर्मचारी खर्च | ६०९,९९६.०९ | ०० |
| | ग) कार्यालय संचालन खर्च | २९९,३५०.६२ | ०० |
| | घ) स्थिर सम्पत्तिको ह्रस कट्टी | १३१,८८६.७१ | ०० |
| | कूल खर्च | १,२९२,३०२.८० | ०० |
| ३ | संचालन नाफा । (नोक्सान) | ५२,०६२.१२ | ०० |
| ४ | आयकर वापत व्यावस्था (२१.५०%) | ११,१९३.३५ | ०० |
| ५ | आयकर पछिको नाफा | ४०,८६८.७६ | ०० |
| ६ | जगेडा कोषको लागि व्यवस्था (२५%) | १०,२१७.१९ | ०० |
| ७ | वाडफाडको लागि उपलब्ध नाफा | ३०,६५१.५७ | ०० |
| ८ | वाडफाड | | |
| | क) शेयर लाभांश कोष (४०%) | १२,२६०.६३ | ०० |
| | ख) सुरक्षित पुजी फिर्ता कोष (२०%) | ६,१३०.३१ | ०० |
| | ग) कर्मचारी बोनस कोष (१५%) | ४,५९७.७४ | ०० |
| | घ) सहकारी शिक्षा कोष (५%) | १,५३२.५८ | ०० |
| | ङ) सहकारी विकाश कोष (५%) | १,५३२.५८ | ०० |
| | च) घाटा पुर्ति कोष (१५%) | ४,५९७.७४ | ०० |
| | छ) अन्य कोष | | ०० |
| | जम्मा | ३०,६५१.५७ | ०० |

अनुसुची १ देखि १० सम्म यस हिसाव विवरणका अभिन्न अंग हुन (हाम्रो संलग्न प्रतिवेदन अनुसार)।

लेखापाल कोषाध्यक्ष अध्यक्ष लेखापरिक्षक

मितिः १६।७।२०६६
ठेगाना: काठमाडौ

# आर्जन बचत तथा ऋण सहकारी संस्था लि.

गोगवु काठमाडौ

**नगद प्रवाह विवरण**

आ.व.२०६५।६६

| क. सं. | विवरण | रकम रु. | रकम रु. |
|---|---|---|---|
| | संचालन गतिविधि वाट खुद नगद प्रवाह | | |
| क) | संचलन बाट खुद नाफा | ५२,०६२.१२ | |
| | जोडने रकम | | |
| | १. अपलेखन खर्च | | |
| | हास कट्टी | १३१,८८६.७१ | |
| | पुर्व संचालन खर्च | २७,१८०.४० | |
| | २. चालु दायित्व | १,१९६,७००.१८ | |
| | ३. अन्य सम्पत्ति | | |
| | ४. कर्मचारी तथा अन्य पेश्की | | |
| | | १,४०७,८२९.४१ | |
| | घटाउने रकम | | |
| | १. अन्य सम्पत्ति | २२५,७४८.९५ | |
| | २. चालु दायित्व | ० | |
| | ३. कर्मचारी तथा अन्य पेश्की | ० | |
| | संचालन गतिविधि वाट खुद नगद प्रवाह | २२५,७४८.९५ | १,१८२,०८०.४६ |
| | | | |
| ख) | लगानी गतिविधि वाट खुद नगद प्रवाह | | |
| | १. स्थिर सम्पत्ति खरिद | ८७७,९००.७७ | |
| | २. स्थिर सम्पत्ति विक | ० | |
| | ३. कर्जा तथा सापट | १६,८२५,३७२.३२ | |
| | ४. शेयर खरिद (रा.स.बैक लि) | १०,०००.०० | |
| | ५. पुर्व संचालन खर्च | १०८,७२१.५९ | |
| | लगानी गतिविधि वाट खुद नगद प्रवाह | १७,८२१,९९४.६८ | (१७,८२१,९९४.६८) |
| ग) | वित्तिय गतिविधि वाट खुद नगद प्रवाह | | |
| | १. लाभांश भुक्तानी | ० | |
| | २. शेयर पुजीमा थप | ६,१७०,०००.०० | |
| | ३. निक्षेप | ११,८१६,७११.८९ | |
| | वित्तिय गतिविधि वाट खुद नगद प्रवाह | १७,९८६,७११.८९ | १७,९८६,७११.८९ |
| घ) | नगद तथा वैकमा रहेको अन्तिम मौज्दातः | | |
| | ढुकुटीमा रहेका नगद **(Cash in hand)** | ७७३,४१२.२२ | |
| | बैकमामा रहेका नगद **(Cash at bank)** | ८३३,३८५.४५ | |
| | जम्मा | १,६०६,७९७.६७ | |
| | नगद तथा वैकमा रहेको सुरुको मौज्दातः | | |
| | ढुकुटीमा रहेका नगद **(Cash in hand)** | २६०,०००.०० | |
| | बैकमामा रहेका नगद **(Cash at bank)** | ० | |
| | जम्मा | २६०,०००.०० | |
| | | १,३४६,७९७.६७ | १,३४६,७९७.६७ |

अनुसुची १ देखि १० सम्म यस हिसाव विवरणका अभिन्न अंग हुन (हाम्रो संलग्न प्रतिवेदन अनुसार)।

# आर्जन बचत तथा ऋण सहकारी संस्था लि.

गोगवु काठमाडौ

## साधारण जगडा कोष

### अनुसुचि १

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| सुरु मौज्दात | ० | ० |
| चालु वर्षको थप | १०,२१७.१९ | ० |
| जम्मा | १०,२१७.१९ | ० |

## अन्य कोषहरू

### अनुसुचि २

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| क) शेयर लाभांश कोष | १२,२६०.६३ | ० |
| ख) सुरक्षित पुजी फिर्ता कोष | ६,१३०.३१ | ० |
| ग) कर्मचारी बोनस कोष | ४,५९७.७४ | ० |
| घ) सहकारी शिक्षा कोष | १,५३२.५८ | ० |
| ङ) सहकारी विकाश कोष | १,५३२.५८ | ० |
| च) घाटा पुर्ति कोष | ४,५९७.७४ | ० |
| छ) अन्य कोष | | |
| जम्मा | ३०,६५१.५७ | ०० |

## निक्षेप

### अनुसुचि ३

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| साधारण बचत | ४,२०८,५२४.५१ | ० |
| मुद्दति बचत | ५,९४०,000.00 | ० |
| कमिक बचत | १,६६८,१८७.३७ | ० |
| जम्मा | ११,८१६,७११.६९ | |

# आर्जन बचत तथा ऋण सहकारी संस्था लि.

गोगबु काठमाडौ

## चालु दायित्व (सण्ढी क्रेडिटरर्स)

### अनुसुचि ४

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| भुक्तानी हुन वाकी तलव | ३०,०००.०० | ०० |
| आयकार व्यावस्था | ११,१९३.३५ | ०० |
| घर भाडा कर व्यवस्था | ३,३७५.०० | ०० |
| अग्रिम कर कटी (व्याज) | १२,५५३.४९ | ०० |
| लेखा परिक्षण सुल्क | ३,०००.०० | ०० |
| अन्य साहु | ९९४,७५७.३४ | ०० |
| तिर्न वाकी व्याज | १५३,०१४.३५ | ०० |
| जम्मा | १,२०७,८९३.५३ | ०० |

## बैक मौज्दात

### अनुसुचि ५

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| आइ एम इ फाइनान्सीय इन्स्टीच्यसन लि. | ११६,४१२.९३ | ०० |
| नेपाल इनभेष्टमेन्ट बैक लि. | २१,२१८.११ | ०० |
| सनराइज बैक लि. | १०,०००.०० | ०० |
| विरगंज फाइनान्स लि. | ६८५,७५४.४१ | ०० |
| जम्मा | ८३३,३८५.४५ | ०० |

# आर्जन बचत तथा ऋण सहकारी संस्था लि.

गोगवु काठमाडौ

स्थिर सम्पति

**अनुसुचि ६**

| विवरण | दर | सुरु मौज्दात | ह्रास कटि | बाकी मौज्दात |
|---|---|---|---|---|
| फर्निचर | १५% | ३८२,८८५.४१ | ५७,४३२.८१ | ३२५,४५२.६० |
| कम्प्युटर | १५% | ३७७,२२२.०५ | ५६,५८३.३० | ३२०,६३८.७५ |
| कार्यालय सामान | १५% | ११,३७६१.०१ | १७,०६४.१५ | ९६,६९६.८६ |
| सवारी साधन | | ४,०३२.२८ | ८०६.४५ | ३,२२५.८३ |
| जम्मा | | ८७७,९००.७७ | १३१,८८६.७१ | ७४६,०१४.०४ |

**अन्य सम्पति**

**अनुसुचि ७**

| विवरण | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|
| सफटवेयर | ४०,०००.०० | ०० |
| अग्रिम घरभाडा | ३०,०००.०० | ०० |
| लिन वाकी व्याज | १५५,७४८.९५ | ०० |
| जम्मा | २२५,७४८.९५ | ०० |

# आर्जन बचत तथा ऋण सहकारी संस्था लि.

गोगबु काठमाडौं

## कार्यालय संचालन खर्च

### अनुसुचि ८

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| विजुली तथा पानी | ११,२६२.०० | ०० |
| सवारी साधन मर्मत | १,८६०.०० | ०० |
| कम्प्युटर मर्मत | ११,२००.०० | ०० |
| टेलिफोन फयाक्स तथा इन्टरनेट | ४१,५९४.३९ | ०० |
| छपाई खर्च | ४०,२६०.०० | ०० |
| पत्र पत्रिका | ८,१३७.०० | ०० |
| साधारण सभा र संचालक समितिको बैठक खर्च | ८,७४५.०० | ०० |
| लेखा परिक्षण खर्च | ३,०००.०० | ०० |
| इनधन खर्च | १५,५००.०० | ०० |
| घरभाडा | ३०,०००.०० | ०० |
| कार्यालयखर्च | ७५४८२.५८ | ०० |
| यातायात खर्च | १२,७४०.०० | ०० |
| मसलन्द खर्च | १२,३८९.२५ | ०० |
| पुर्व संचालन खर्च अपलेखन | २७,१८०.४० | ०० |
| जम्मा | २९९,३५०.२६ | ०० |

## पुर्व संचालन खर्च अपलेखन वाँकी

### अनुसुचि १०

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| यस वर्षको खर्च | १०८,७२१.५९ | ०० |
| यस वर्ष अपलेखन गरी खर्च लेखेको | २७,१८०.४० | ०० |
| जम्मा | ८१,५४१.२० | ०० |

# आर्जन बचत तथा ऋण सहकारी संस्था लिमिटेड
# को
# लेखा नीति र तत्सम्बन्धी टिप्पणीहरू

**लेखा नीति :**

आर्जन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कारोवारहरुको लेखा, लेखाका सर्वमान्य सिद्धान्त तथा सहकारी ऐन २०४८ को नीति निर्देशन अनुसार तयार पारिएका छन् । यस संस्थाले अपनाएका प्रमुख लेखा नीतिहरु निम्नानुसार छन् ।

१. **ब्याज गणना गर्ने तरिका :**

१.१ ब्याज दिनुपर्ने निक्षेप खाताहरुमा ब्याज दिँदा र कर्जा सापटीमा ब्याज लिँदा ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गरिएको छ ।

१.२ कर्जा सापटीको ब्याज आर्जित (Accrual Basis) को आधारमा आम्दानी गरिएको छ ।

१.३ निक्षेप तर्फ दिइने ब्याज सम्झौता तथा करारमा उल्लेख भए अनुसार ब्याज खर्च गरिएको छ ।

२. **स्थिर सम्पतिको ह्रास कट्टी**

२.१. स्थिर सम्पत्तिहरु ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) मा देखाएको छ ।

२.२. स्थिर सम्पत्तिहरुको ह्रास कट्टी घट्दो दर प्रणाली (Diminishing Balance Method) को आधारमा आयकर ऐन नियमावलीले निर्दिष्ट गरेको नीति नियमको आधारमा गरिएको छ ।

३. **आयकर व्यवस्था :**

यस आ.ब. मा आयकर ऐन तथा नियमावली बमोजिम संस्थाको कर योग्य नाफा भएको हुँदा आयकर वापत रु. ११, १९३.३५ व्यवस्था गरिएको छ ।

४. **स्टेशनरी मौज्दात :**

संस्थाले खरिद गरेका सबै किसिमका स्टेशनरी तथा छपाई सामग्रीहरुलाई खपतको आधारमा FIFO (First in First Out) प्रणालीबाट हुन आउने रकम खर्च लेखी मौज्दात रहेकोलाई अन्य सम्पत्तिमा देखाएको छ ।

५. **जगेडाकोष तथा बचत :**

संस्था नाफामा रहेकोले प्रस्तुत आर्थिक वर्षमा कोषहरूको व्यवस्था गरिएका छन् ।

६. **लेखा विवरणको प्रस्तुति :**

लेखा विवरणहरू सहकारी ऐनले तोकेको ढाँचामा पेश गरिएका छन् । सो को निमित्त गत वर्ष सम्मका रकमहरू आवश्यकता अनुसार पुनः वर्गीकरण गरिएका छन् ।

# नोट तथा टिपोट